# बजेट आ.व. २०७५/०७६

**यस ऐसेलुखर्क गाउँपालिकाको आ.व.०७५/०७६ को वार्षिक वजेट सार्वजनिकीकरण समारोहमा उपस्थित हुनुभएका यस गाउँ कार्यपालिकाका आदरणिय अध्यक्ष ज्यू,गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु, हिमाल एफ एम बाट देशभर साथै फेसबुक लाइभ एवं अनलाइनमार्फत संसारभर प्रत्यक्ष सुनिरहनुभएका हेरिरहनुभएका सम्पुर्ण आमा वुवा दाजुभाइ तथा दिदी बहिनीहरु,यस ऐसेलुखर्क गाउँपालिकाका सम्पुर्ण कर्मचारी,बुद्धिजीवी महानुभावहरु एवं सञ्चारकर्मी मित्रहरु ।**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघीयता कार्यन्वयनको कोसेढुंगाको रुपमा रहको स्थानिय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिको हैसियतमा यस ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वजेट प्रस्तुत गर्न पाउँदा म आफुलाई गौरवान्वित भएको महसुस गर्दछु । मुलुकलाई यस अवस्था सम्म ल्याईपुऱ्याउन आफ्नो प्राण आहुति दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु साथै घाइते एवं बेपत्ता परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

मुलुकमा स्थानिय तहको निर्वाचन पश्चात विकास प्रति जनतामा आशाको किरण सञ्चार भएको छ ।हिजोको केन्द्रीकृत विकास प्रक्रियाले अवरोध गरेको विकासको गतिलाई तीव्र बनाउने गहन जिम्मेवारी हामीमा आएको छ । यो हाम्रा लागि अवसर र चुनौती पनि हो ।परिवर्तित सन्दर्भमा विकासका ढोकाहरु प्रसस्तै खुलेका छन र अवको विकासलाई सहभागितामुलक, समावेशी एवं परिणामउन्मुख बनाउँदै लानुपर्ने बाध्यता हामी जनप्रतिनिधिहरुको काँधमा जिम्मेवारी आएको छ ।

यी विद्यमान परिस्थितिहरुको परिधिभित्र रहेर म यस ऐसेलुखर्क गाउँपालिकाको भविष्यसँग जोडिएर आएको विकास र त्यसको कार्यन्वयनमा आवश्यक पर्ने वजेट लिएर यहाँहरुमाझ उपस्थित भएकी छु । बजेट निर्माणमा आवश्यक मार्गदर्शन गर्नुहुने गाँउपालिकाका आदरणीय अध्यक्ष ज्यु, कार्यपालिकाका सदस्य साथीहरु , वडा समितिका सबै साथीहरु, विषयगत समितिका सबै पदाधिकारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विद्धान तथा बुद्धिजीविहरु , गाँउपालिका क्षेत्रका सबै राष्टसेवक मित्रहरु एवं आम विकासप्रेमी नागरिकहरुमा हार्दिक आभार प्रकट गर्दछु । यसका साथै आगामी आर्थिक वर्षमा ऐसेलुखर्क गाँउपालिकाको विकास र समृद्धिका लागि अनुदानमा बजेट व्यवस्था गरिदिने नेपाल सरकार, १ न. प्रदेश सरकार, सम्पूर्ण विकासका साझेदार एवं आम करदाताहरुमा म गाँउकार्यपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

**उपस्थित सम्पुर्ण महानुभावहरु ,**

अव म आगामी आ.व. ०७५/०७६ को अनुमानित आय र व्यय प्रस्तुत गर्नुपुर्व चालु आ.व. मा सञ्चालित योजना तथा कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ.व. ०७४/०७५ का लागि गत वर्ष २०७४ साल भाद्र २१ गते यही सम्मानित गाँउसभाबाट विनियोजित रकम रु २४ करोड ७० लाख १९ हजार ३ सय ६५मध्ये कतिपय योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न नभएको कारणलेरु २ करोड २४ लाख ५७ हजार २८७गाउँपालिकाको सञ्चित कोषनै संचित भएको छ। चालु वर्षको बजेटमा सडक, शिक्षा, स्वास्थ्य, विद्युत, कृषि लगायतका विषयगत क्षेत्रमा विनियोजित बजेट करिब ९५ प्रतिशत खर्च भई सो को परिणाम आम नागरिकको अपेक्षा लाई पुरा गर्ने दिशामा अघि बढेको मेरो अनुमान छ। यस वर्ष संचालित विषयगत योजनाहरुले यस गाँउपालिकाको समग्र विकासमा सुधार ल्याएको छ। सडक पूर्वाधारलाई प्राथामिकतामा राखिएसँगै वडा कार्यालय ज्यामिरे बाहेक अन्य सबै वडाका केन्द्रहरु गाउँपालिकाको केन्द्र सँग जोडिएको छ।आगामि बर्षको दोस्रो चौमासिक भित्रै वडा पनि केन्द्र सँग जोडिने छ। महिला विकास समृद्ध कार्यक्रमहरु,कृषि र पशु विकासका कार्यक्रमहरु, युवा स्वरोजगार तालिम, शिक्षा क्षेत्रको सुधारका तालिम एवं गोष्ठी लगायतका क्षेत्रगत कार्यक्रमहरुले तपाई हामि सबैलाई सकारात्मक सन्देश फैलाएको छ। जीवनस्तरमा सुधार ल्याएको छ। यथपि पहिलो वर्ष भित्रै थुप्रैकाम गर्नु पर्ने बाध्यता सीमित स्रोत साधन हामी जनप्रतिनीधिहरुको आफ्नै कार्य उपभोक्ता समितिको लापरवाही, पर्याप्त अनुगमनको अभाव, जनशक्ति अभाव व्यस्तता आदिले सबै योजनाहरु सम्पन्न हुन सकेनन।प्रतिफल राम्रा आउन सकेनन। यसर्थ आगामी वर्ष भने समय तालिका बनाएरै हामी योजना तथा कार्यक्रमहरु समयमा नै पुरा गर्न , अपेक्षाकृतगुणस्तर र लागतमा सम्पन्न गर्ने बाताबरण तयार गर्ने छौ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अव म आ.व. २०७५/०७६ को यस गाउँपालिकाको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**(१) सोंच**

ऐसेलुखर्क गाउँपालिकालाई शान्त, समृद्ध एवं पूर्वाधारयुक्त नमूना गाउँपालिकाको रुपमा स्थापित गर्ने।

**(२) लक्ष्य**

आ.व. ०७५/०७६ भित्र यस गाउँपालिकाको भौतिक एवं सामाजिक विकासमा आम नागरिकहरुले प्रत्यक्ष अनुभुति गर्ने स्थितिको सिर्जना गर्ने ,

**(३) उद्देश्य**

यस ऐसेलुखर्क गाउँपालिकावासीको जीवनस्तरमा सुधार ल्याइ विकासको प्रतिफल हासिल गराउदै परिवर्तनको प्रत्यक्ष अनुभूति गराउने यस बजेटको प्रमुख उद्देश्य हुनेछ।

अन्य उद्देश्यहरु देहायबमोजिम रहनेछ।

- सडक सञ्जालकोस्तरोन्नति तथा सुरक्षित ,गुणस्तरीय र भरपर्दो यातायातको पहुँचमा वृद्धि गर्ने ।
- गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयका भौतिक संरचनाहरुको निर्माण कार्य सुरु भई सेवा प्रवाह सरल,प्रभावकारी र बनाउने ।
- गाँउपालिकाको केन्द्र सम्म केन्द्रीय विद्युतलाइन  विस्तार गर्दै अन्य वडामा समेत विस्तार गर्दै लैजाने ।
- गाउँपालिका भित्र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा देखिएका कमीकमजोरीहरुलाई निवारण गर्दै गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षाको प्रत्याभूति दिलाउने ।
- परम्परागत कृषि प्रणालीमा सुधार ल्याउने ।
- विपद व्यवस्थापन पुर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।
- सार्वजनिक प्रशासन र सेवा प्रवाह चुस्त ,दुरुस्त,पारदर्शी,जवाफदेही एवं प्रभावकारी भएको हुनेछ ।

**(४) प्राथमिकता**

आ.व. ०७५/०७६ को बजेटको प्राथमिकताका क्षेत्रहरु निम्न बमोजिम रहेका छन ।

- सडक सुधार
- विद्युत
- स्वास्थ्य
- शिक्षा
- सुचना तथा संचार प्रविधि
- गुणस्तरीय सेवा प्रवाह र सुशासन

उपस्थित गाउँसभाका आदरणीय अध्यक्षज्यु एवं सम्पूर्ण महानुभावहरु, अब म चालु आव ०७५/०७६ मा सञ्चालन हुने योजना तथा कार्यक्रम र सो को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्षका लागि आय र व्ययको अनुमानको अनुमान देहायबमोजिम रहेको छ ।

**आय तर्फ**

| | |
|---|---|
| संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | रु १३ करोड ७० लाख |
| संघीय सरकार बाट प्राप्त निशर्त अनुदान | रु ६ करोड ९३ लाख |
| संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँडबाट प्राप्त अनुदान | रु ५ करोड १८ लाख ४९ हजार |

१ नं. प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँडबाट प्राप्त अनुदान  रु ३३ लाख १५ हजार

आन्तरिक राजश्वबाट प्राप्त हुने अनुमानित रकम रु १६ लाख ८७ हजार ७ सय

चालु आव मा खर्च हुन नसकी संचित कोषमा संचित रकम  रु २ करोड २४ लाख ५७ हजार २८७

**कुल आय रु २८ करोड ५६ लाख ८ हजार ९ सय ८७**

<u>**व्यय तर्फ**</u>

सशर्त अनुदानका योजना तथा कार्यक्रम  रु  १३ करोड७० लाख

चालु खर्च  रु ४ करोड ५१ लाख ४५ हजार ५ सय

पुँजीगत खर्च (प्रत्येक वडा) रु ५ करोड ४३ लाख ५० हजार

पुँजीगत खर्च ( गाँउपालिकास्तर) रु ४ करोड ९१ लाख १३ हजार ४ सय ८७

**कुल व्ययरु २८ करोड ५६ लाख ८ हजार ९ सय ८७**

आदरणीय सभाध्यक्ष ज्यु

उल्लेखित तथ्याङ्कका आधारमा आगामी आ.व. २०७५/०७६ का लागि यस गाँउपालिकाको कुल बजेट **रु २८ करोड ५६ लाख ८ हजार ९ सय ८७**रहेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराँउदछु।

अब म उल्लेखित बजेटका आधारमा आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रमहरु पेश गर्दछु।

# गाउँपालिका स्तरीय योजनाहरु

ऐसेलुखर्कगाउँपालिका
गाउँकार्यपालिकाकोकार्यलय

**ऐसेलुखर्क, खोटाङ**

| **सि.नं.** | **गाउँपालिकास्तरीययोजनाको नाम** | **आयोजना संचालनहुने स्थान** | कैफियत |
|---|---|---|---|
| १ | राखा विदेल-वडा कार्यालय सडक निर्माण | २०००००० | |

ऐसेलुखर्क गाउँपालिका

| | | | |
|---|---|---|---|
| २ | ऐसेलुखर्क -वगाले -लिदिङखोला सडक मर्मत | ४००००० | |
| ३ | ऐसेलुखर्क-बाकाचोल- हुमे- सडक मर्मत | ९००००० | |
| ४ | बगाले चौतारा-शिरुडाँडा सडक निर्माण | २२००००० | |
| ५ | ऐसेलुखर्क-दिव्दी-सिम्ले मावि सडक स्तरोन्नति | ७००००० | |
| ६ | बाल्छीखोला सडक मर्मत महेश्वरी | ९००००० | |
| ७ | सेलेगेम ज्यामिरे सडक मर्मत | ४००००० | |
| ८ | देशारे -सेगेलेम सडक निर्माण ज्यामिरे | १२००००० | |
| ९ | ऐसेलुखर्क -भीरपानी सडक स्तरोन्नति | १०००००० | |
| १० | ऐसेलुखर्क -माक्पा-रावाखोला सडक स्तरोन्नति | १०००००० | |
| ११ | बालबालिका | ७००००० | |
| १२ | महिलालक्षित | २०००००० | |
| १३ | अपांगलक्षित | ३५०००० | |
| १४ | जेष्ठनागरिक | २००००० | |
| १५ | दलित | ३५०००० | |
| १६ | जनजाति | ७००००० | |
| १७ | खेलकुद | १५००००० | |
| १८ | विपद व्यवस्थापन | २०००००० | |
| १९ | पशु औषधी | १००००० | |
| २० | बैदेशिक रोजगार | २००००० | |
| २१ | स्वास्थ्य | ३५४५००० | |
| २२ | सममपुरक कोष | ७०००००० | |
| २३ | पर्यटन पुर्वाधार | ३०००००० | |
| २४ | वन उपभोक्ता महासंघको लागि | ३००००० | |
| २५ | कृषि कार्यक्रम | ९००००० | |
| २६ | पशु शेवा कार्यक्रम | १५५६००० | |
| २७ | शिक्षा | १७००००० | |
| २८ | गैर सरकारी संस्था महासंघ साझेदारी कार्यक्रम | २००००० | |
| २९ | इलाका प्रहरी कार्यालय प्रतिक्षालय | १००००० | |
| ३० | सवारी साधन खरिद हलुका सवारी-१,मोटरसाइकल-२ | ४०००००० | |
| ३१ | सिम्ले मा.वि.भवन निर्माण जलेश्वरी | १२००००० | |
| ३२ | स्वास्थ्य चौकी भवन निर्माण ज्यामिरे | १५००००० | |
| ३३ | बन गाउँ केन्द्रिय लाईन विस्तार महेश्वरी | १४००००० | |
| ३४ | मेशिनरी औजार कार्यालय प्रयोजन | ५००००० | |

| | | | |
|---|---|---|---|
| ३५ | कार्यालयको फर्निचर तथा फिक्सचर | ५०००००० | |
| ३६ | विविध | २९१२४८७ | |
| जम्मा | | ४९११३४८७ | |

**यसका लागि एकमुष्ठ रु ४ करोड ९१ लाख १३ हजार ४ सय ८७ रुपैया रकम विनियोजित गरेको छु ।**

# वडा स्तरीय योजनाहरु

## वडा नं. १राखाबाङदेल

आयोजनाकोप्राथमिकीकरण सूची,२०७५/७६

वडामा सञ्चालन हुनेयोजना तथा कार्यक्रम

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी व्यवस्थापन | राखा | ३००००० |
| २ | शिंखा राखा खानेपानी मर्मत | राखा | १००००० |
| ३ | युनिसेफद्वारा संचालन सोखुडाँडा टोल मानुकाव प्रावि खानेपानी मर्मत | राखा | १००००० |
| ४ | हाराखानीखा.पा.योजना | राखा | १५०००० |
| ५ | तदुवा खा.पा.यो. | राखा | ५०००० |
| ६ | रावा खोला -बवादस्कु-राखा बहानेपोखरी ग्रामीण सडक निर्माण | राखा | ४०००००० |
| ७ | बाङ्लेल -सोखु सडक निर्माण | राखा | २००००० |
| ८ | राखा -हारा दिप्सुङ सिमाना सम्म सडक निर्माण | राखा | २००००० |
| ९ | तुलसीङटार -चुम्दुङ-राखावाङदेल सडक मर्मत | राखा | १२००००० |
| १० | विदेल सिँचाइ योजना | राखा | ३००००० |
| ११ | चुम्दुङ सिँचाइ मर्मत | राखा | १००००० |
| १२ | श्री कालिका माविरिटनिङवाल निर्माण | राखा | ४००००० |
| १३ | ट्रान्सफर्मर तथा विद्युत पोल खरीद | राखा | १५००००० |
| जम्मा | | | ८६००००० |

**यसका लागि एकमुष्ठ ८६ लाख रकम विनियोजित गरेको छु ।**

## वडा नं. २ बाकाचोल

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियवजित रकम |
|---|---|---|---|
| १ | कुनाखर्क -झाक्रीवास खानेपानी योजना | बाकाचोल | ८००००० |
| २ | महभीर कालीखोला खानेपानी ट्याङ्की निर्माण | बाकाचोल | १५०००० |
| ३ | ठोट्ने खोला खानेपानी योजना | बाकाचोल | २००००० |
| ४ | हचमा टोल खानेपानी योजना | बाकाचोल | २००००० |
| ५ | थाइलिङ गुम्वा किचन निर्माण | बाकाचोल | २००००० |
| ६ | पारा चर्च निर्माण | बाकाचोल | १००००० |
| ७ | बुलुथुम्की रबतासेडाँडामा मलामी बस्ने तथा लामा पढने हल निर्माण | बाकाचोल | ३२०००० |
| ८ | माथेपा टोल देवालय निर्माण | बाकाचोल | ३०००० |
| ९ | ऐसेलुखर्क -बाकाचोल सडकखण्ड सोलिङ तथा ग्राभेल | बाकाचोल | २९००००० |
| १० | कालिखोला -चेवाली गाउँ पुरानो रोड ग्राभेल | बाकाचोल | १००००० |
| ११ | झाक्रीबास-बुर्के-विस्खाम सडक निर्माण | बाकाचोल | १५००००० |
| १२ | हरिसे खोला-माथिल्लो थाले हुँदै सोराना जोड्ने सडक निर्माण | बाकाचोल | २००००० |
| १३ | हुमेखोला -तामाङ गाउँ-हुमेखेत सम्म सिँचाइ योजना | बाकाचोल | ३००००० |
| १४ | सिंदुदुरेढुंगा लिदिङखोला लघु जलविद्युत आयोजना कुलो मर्मत तथासंरक्षण | बाकाचोल | ६००००० |
| | **जम्मा** | | **७६०००००** |

**यसका लागि एकमुष्ठ ७६ लाख रकम विनियोजित गरेको छु ।**

## वडा नं. ३ ऐसेलुखर्क

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | देवीथान मुहान गरी दाम्ली ढकाल गाउँ खानेपानी निर्माण/मर्मत । | ऐसेलुखर्क | ३००००० |
| २ | कटुन्जे खोला मुहान भै धोद्रे राईटोल खानेपानी निर्माण । | ऐसेलुखर्क | २००००० |
| ३ | फापरखोरी र नुनथला मुहान गरी चित्रे खानेपानी निर्माण । | ऐसेलुखर्क | २५०००० |

| | | | |
|---|---|---|---|
| ४ | हवौखानेपानी मर्मत | ऐसेलुखर्क | १००००० |
| ५ | शिव मन्दिर निर्माण पातेल | ऐसेलुखर्क | २५०००० |
| ६ | मुलधारा पर्यटकिय स्थल निर्माण (क्रमागत) । | ऐसेलुखर्क | २००००० |
| ७ | तामाङ बौद्ध गुम्बा पुनःनिर्माण ओडारे । | ऐसेलुखर्क | ७००००० |
| ८ | शिव मन्दिर व्यबस्थापन (मुलधारा) । | ऐसेलुखर्क | २००००० |
| ९ | ज्वालामाई मन्दिर व्यबस्थापन । | ऐसेलुखर्क | १५०००० |
| १० | सिंह देवी मन्दिर व्यबस्थापन चित्रे । | ऐसेलुखर्क | १००००० |
| ११ | लबुवा हबौं ओयङ सडक निर्माण । | ऐसेलुखर्क | ७००००० |
| १२ | आहाले रायटोल थामखर्क सडक निर्माण । | ऐसेलुखर्क | ४००००० |
| १३ | धोद्रे चोरखर्क सडक निर्माण । | ऐसेलुखर्क | २००००० |
| १४ | रैकर महेश्वरी सिमा सडक निर्माण । | ऐसेलुखर्क | २००००० |
| १५ | झुले चित्रेभञ्याङ सडक निर्माण । | ऐसेलुखर्क | ३५०००० |
| १६ | शुक्रबारे देसारे सडक निर्माण । | ऐसेलुखर्क | ६००००० |
| १७ | छुका केरावारी -कोलडाँडा सडक निर्माण । | ऐसेलुखर्क | २००००० |
| १८ | बजार क्षेत्र सडक निर्माण । | ऐसेलुखर्क | १४००००० |
| १९ | चङखोला बैकुन्ठे सिंचाई कुलो मर्मत । | ऐसेलुखर्क | १००००० |
| २० | बाङखोला नाम्देल सिंचाई कुलो मर्मत । | ऐसेलुखर्क | ३००००० |
| २१ | अब्जसे मुहान भै दाम्ली गैरी सिंचाई कुलो मर्मत । | ऐसेलुखर्क | २००००० |
| २२ | बाङखोला वीसमुरे सिंचाई कुलो मर्मत । | ऐसेलुखर्क | १५०००० |
| २३ | रा.प्र.आ.वि. खेल मैदान निर्माण । | ऐसेलुखर्क | १००००० |
| २४ | ऐसेलुखर्क लिदिङखोला सामुदायिक लघुजलविद्युत आयोजना व्यवस्थापन | ऐसेलुखर्क | १०००००० |
| २५ | सेती प्रा.वि. ढल निकास । | ऐसेलुखर्क | ५०००० |
| | **जम्मा** | | **८४०००००** |

**यसका लागि एकमुष्ठ ८४ लाख रकम विनियोजित गरेको छु ।**

## वडा नं. ४जलेश्वरी

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियोजित रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सिक्रेङ्गेल ट्याङ्की निर्माण | जलेश्वरी | २५०००० |
| २ | चन्दनखोला खा.पा.यो. ट्याङ्की निर्माण | जलेश्वरी | १००००० |
| ३ | रिन्जेन -छोलिङ गुम्बा मर्मत | जलेश्वरी | ३००००० |
| ४ | नमोबुद्ध छोलिङ गुम्वा व्यवस्थापन | जलेश्वरी | ३००००० |
| ५ | देम्ली महादेवस्थान उत्खनन् | जलेश्वरी | १५०००० |
| ६ | सरस्वती देविस्थान घेरावार | जलेश्वरी | ३००००० |
| ७ | कात्तिके-दिव्दी -देम्लीटार सडक निर्माण | जलेश्वरी | ४०००००० |
| ८ | मावा -माझगाउँ-देलबाथा सडक निर्माण | जलेश्वरी | ४००००० |
| ९ | मेखुखोला -देलबाया सडक निर्माण | जलेश्वरी | ४००००० |
| १० | रमिते-टुहुरे-सरस्वती प्रावि सडक निर्माण | जलेश्वरी | ४००००० |
| ११ | वलङ्गा-सोलु वावियाखर्क -देम्लीटार सडक निर्माण | जलेश्वरी | ४००००० |
| १२ | गुराँस आवि पर्खाल निर्माण | जलेश्वरी | २००००० |
| १३ | वडा कार्यालय छाना मर्मत | जलेश्वरी | २५०००० |
| | जम्मा | | ७४५०००० |

**यसका लागि एकमुष्ठ ७४ लाख ५० हजार रकम विनियोजित गरेको छु ।**

## वडा नं. ५महेश्वरी

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | अँधेरीखोला मुहान खानेपानी योजना साविक वडा नं. ३ को ढोडेनी -प्रच्युदेल हुदै फक्टासी र साविक महेश्वरी गा.वि.स. वडा नं १,२ को सिरानटोल | महेश्वरी | ८००००० |
| २ | दिप्पा मूहान खानेपानी योजना साविक वडा नं. १,२ को तल्लो टोललाई सञ्चालन । | महेश्वरी | २००००० |
| ३ | डोबाटे खानेपानी योजना मर्मत तथा संभार । | महेश्वरी | ५०००० |
| ४ | सिस्ने खानेपानी योजना | महेश्वरी | ५०००० |
| ५ | थुलुङपार्क मर्मत तथा छाना व्यवस्थापन, पक्की सौचालय | महेश्वरी | १००००० |
| ६ | निर्माणाधिन किराँत संग्रहालय भवन निर्माण | महेश्वरी | ५००००० |

| | | | |
|---|---|---|---|
| ७ | फापरस्वारा देवीस्थान व्यवस्थापन | महेश्वरी | १००००० |
| ८ | महेश्वरी देवी घेरावार | महेश्वरी | १००००० |
| ९ | वडाकार्यालय -महेश्वरी-तुईनटारसडक निर्माण | महेश्वरी | १५००००० |
| १० | दिन्कु -तिन्तेफार-गंगा प्रावि-फटाक्सी -ज्यामिरे सडक निर्माण | महेश्वरी | ५००००० |
| ११ | वडाकार्यालय-शिशु मावि-साविक ५ नंवडा -मेखुखोला-जलेश्वरि-मैकु सडक निर्माण | महेश्वरी | ८००००० |
| १२ | वनगाउ-चाम्बोटे–सार्कुटोल-लुवु-साविक जलेश्वरी वडा नं ३ सम्म सडकनिर्माण | महेश्वरी | २५०००० |
| १३ | साविक महेश्वरी ९-हिरा प्रावि-देविडाँडा-वडा कार्यालय महेश्वरीसम्म सडक निर्माण | महेश्वरी | ७५०००० |
| १४ | फापरस्वारा-दोले -रमिते-फटाक्सी-ज्योति प्रावि-किराँतसंग्रहालय-ढोढेनी सम्म सडक निर्माण | महेश्वरी | ८००००० |
| १५ | बाल्सी कूलो सिंचाई आयोजना मर्मत,संभार तथा पुन: निर्माण | महेश्वरी | १००००० |
| १६ | श्री गंगा प्रा.वि. लाई छाना मर्मत तथा रंग रोकन, झ्याल ढोका मर्मत | महेश्वरी | २००००० |
| १७ | श्री शिशु मा.वि. भवन मर्मत, सोलिङ तथा प्लस्टर, रंङ रोकन | महेश्वरी | ३००००० |
| १८ | साविक वडा १र२ मा केन्द्रीय विद्युत विस्तार | महेश्वरी | ६००००० |
| १९ | साविक ३४५६७ मा सञ्चालित केन्द्रीय विद्युत लाइ मर्मत | महेश्वरी | २००००० |
| **जम्मा** | | | **७९०००००** |

**यसका लागि एकमुष्ठ ७९ लाख रकम विनियोजित गरेको छु ।**

## वडा नं. ६ ज्यामिरे

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | शान्तोदय मावि वालमैत्री शौचालय निर्माण | ज्यामिरे | ३५०००० |
| २ | वडा कार्यालयलाई शौचालय निर्माण | ज्यामिरे | ५०००० |
| ३ | गाउँघर क्लिनिक नेपाने लाई छाना,जस्तापाता खरिद तथा निर्माण | ज्यामिरे | १००००० |
| ४ | साविक वडा ६ र ७ हलेदे मुहान गरी खानेपानी योजना | ज्यामिरे | ३००००० |
| ५ | साविक वडा ३ र ४ मा भाँडीखोला मुहान गरी खानेपानी योजना | ज्यामिरे | १४५०००० |
| ६ | साविक वडा नं. १ मा १० हजार लिटरको रिजर्भ ट्याङ्की निर्माण | ज्यामिरे | ३००००० |
| ७ | दलितबस्तीमिल निर्माण | ज्यामिरे | २००००० |
| ८ | सिलौरीघाट-साविकको वडा ९ हुँदै वडा कार्यालय सम्म सडक निर्माण | ज्यामिरे | ४००००० |

| | | | |
|---|---|---|---|
| ९ | साविक वडा नं. ४ हुँदै दुधकोशी सम्म सडक निर्माण | ज्यामिरे | ४५०००० |
| १० | पाँडेचौर थामफेदी सडक निर्माण | ज्यामिरे | ३००००० |
| ११ | सिलौरी काभ्रे-चंखुले-सल्ले -ऐसलुखर्क सडक निर्माण | ज्यामिरे | १९००००० |
| १२ | गिद्देडाँडा हुँदै जौबारी -वडा कार्यालय सम्म गोरेटो बाटो निर्माण | ज्यामिरे | २००००० |
| १३ | जोरधारा निर्माण तथा पोखरी निर्माण साविक वडा ७ | ज्यामिरे | १००००० |
| १४ | छुटेका बस्तीहरुमा विद्युत विस्तार गर्ने | ज्यामिरे | २००००० |
| | **जम्मा** | | **६३०००००** |

**यसका लागि एकमुष्ठ ६३ लाख रकम विनियोजित गरेको छु ।**

## वडा नं. ७ माक्पा

| सि.नं. | वडास्तरीय योजनातथा कार्यक्रमको नाम | आयोजना संचालनहुने स्थान | विनियोजित रकम |
|---|---|---|---|
| १ | निरौला कुलपुजा मण्डल निर्माण माक्पा | माक्पा | १५०००० |
| २ | नोरोङ -लेवा- चईन्टार सडक निर्माण | माक्पा | ८००००० |
| ३ | चईन्टार -ह्वाङखोला सडक निर्माण | माक्पा | ७००००० |
| ४ | माक्पा गोरेटो बाटो मर्मत | माक्पा | १५०००० |
| ५ | पञ्चमाया दह शिंचाई | माक्पा | २००००० |
| ६ | पाईप खरिदमाक्पा वडा सबै | माक्पा | २००००० |
| ७ | वडा कार्यालयको चर्पी निर्माण तथा दराज टेवल खरिद | माक्पा | २००००० |
| ८ | केन्द्रिय विद्युत प्रशारण लाइन | माक्पा | ५७००००० |
| | **जम्मा** | | **८१०००००** |
| | **कुल जम्मा** | | **५४३५००००** |

**यसका लागि एकमुष्ठ ८१ लाख रकम विनियोजित गरेको छु ।**

यसैगरि संघीय सरकारको अनुदान मार्फत संचालन हुने शिक्षा, स्वास्थ्य , कृषि , पशु , महिला विकास लगायतका विषयगत कार्यक्रमका लागि एकमुष्ठ रु १३ करोड ७० लाख विनियोजन गरेको छु ।

आदरणीय सभाध्यक्ष ज्यु,

उपरोक्तानुसारको बजेट तथा योजनाहरु यस गाँउपालिकाको आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन जस्ता विषयगत समितिका राय सुझावहरु मध्यनजर गरी तयार गरिएको छ । सकेसम्म सबै पक्ष लाई योजनामा समावेश गरिएको छ ।

विगतको असारे विकासको परिपाटीलाई अन्त्य गर्दै समयमा नै विकास प्रक्रियालाई अघि बढाउनुपर्ने आवश्यकता उत्तिकै छ । जनसहभागिता , सामाजिक न्याय , पारदर्शिता अनि विकास प्रक्रियाको दिगोपना वर्तमानको माग हो । यसका लागि सामुहिकता र इमान्दारिताको जरुरत पर्दछ । अत प्रस्तुत बजेटको कार्यान्वयनको प्रभावकारीताअभिबृद्धि गरी यस क्षेत्रको विकासलाई नमुनाको रुपमा विकास गर्न, शान्त, सम्मुनत, समृद्ध अनि विकासशील गाउँपालिकाको पहिचान स्थापित गर्नका लागि आआफ्नो तहबाट उच्चतम योगदान गर्न सबैमा हार्दिक अपील गर्दछु ।

---

....................................

पुष्पकला भुजेल
उपाध्यक्ष

एसेलुङ्के गाँउपालिका